## मेलम्ची नगरपलिका
## नगर कार्यपालिका बैठक

बैठक मिति :- २०७७/०१/१८

**प्रस्तावहरु :-**

१. नोबेल कोरोना भाईरस (COVID-19) संक्रमणको महामारी रोकथाम तथा लकडाउन प्रभाव न्यूनिकरण सम्वन्धमा।

२. चालु आर्थिक वर्षका स्वीकृत योजना संशोधन सम्वन्धमा।

**निर्णयहरु :-**

**निर्णय नं १ :-**

विश्वव्यापी महामारी नोबेल कोरोना भाईरस (COVID-19) को संक्रमण रोकथाम, नियन्त्रण र जनताको जीवन यापनलाई सहज बनाउन देहाय बमोजिमका कार्यहरु गर्ने।

(क) कोरोना संक्रमणको कारण लकडाउनको अवधी निरन्तर थप भइरहेको र अत्यावश्यक औषधी व्यवस्था, स्वास्थ्य सामाग्री, खाद्यान्न राहत, लकडाउनमा फसेका व्यक्तिहरुको उद्दार लगायतका कार्यहरु गर्न यस मेलम्ची नगरपालिकाबाट खोलिएको "कोरोना संक्रमण रोकथाम तथा नियन्त्रण कोष" मा रकम अपुग हुने देखिएको हुँदा चालु आर्थिक वर्षको स्वीकृत देहाय बमोजिमका योजना/कार्यक्रममा विनियोजन भएको पूँजिगत खर्च शिर्षकका रकमलाई सो कोषमा रकमान्तर गर्ने र आगामी नगर सभामा अनुमोदनको लागि पेश गर्ने।

| क्र. सं. | कार्यक्रमको नाम | वडा नं/ नगर | शीर्षक | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | लक्षित वर्ग जागरण तथा उत्थान कार्यक्रम | १ | वित्तीय समानीकरण | ३५०००० | |
| २ | शिक्षा, आयआर्जन, सिपमुलक, लक्षितवर्ग | २ | वित्तीय समानीकरण | ५५६००० | |
| ३ | पशु स्वास्थ्य सेवा केन्द्र संचालन | ३ | वित्तीय समानीकरण | २००००० | |
| ४ | महिला, बालबालिका, जेष्ठ दलित, जनजाती प्रोत्साहन कार्यक्रम | ६ | वित्तीय समानीकरण | २००००० | |
| ५ | जनचेतनामुलक कार्यक्रम | ७ | वित्तीय समानीकरण | २५०००० | |
| ६ | लक्षित वर्गको कार्यक्रम | ८ | वित्तीय समानीकरण | ४०००० | |
| ७ | कृषि लक्षित कार्यक्रम | ९ | वित्तीय समानीकरण | २००००० | |
| ८ | स्वास्थ्य कार्यक्रम | ९ | वित्तीय समानीकरण | ४४७००० | |
| ९ | लक्षित समूह | ९ | वित्तीय समानीकरण | ४००००० | |
| १० | आयआर्जन तथा सीपमुलक कार्यक्रम | १० | वित्तीय समानीकरण | ३५०००० | |
| ११ | लक्षित तथा उपेक्षित वर्गका कार्यक्रम | १० | वित्तीय समानीकरण | ३५०००० | |

| क्र. सं. | कार्यक्रमको नाम | वडा नं/ नगर | शीर्षक | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १२ | वडास्तरीय शैक्षिक गुणस्तर सुधार तथा खेलकुद | ११ | वित्तीय समानीकरण | १५०००० | |
| १३ | महिला सीप तथा आयमुलक, बालबालिका, दलित र अशक्त लक्षित कार्यक्रम | ११ | वित्तीय समानीकरण | २००००० | |
| १४ | कृषि आयआर्जनको कार्यक्रम | १२ | वित्तीय समानीकरण | २५०००० | |
| १५ | लक्षित वर्गको कार्यक्रम | १२ | वित्तीय समानीकरण | ३००००० | |
| १६ | अपाङ सीपविकास तालिम | म.बालबालिका | राजश्व बाँडफाँड प्रदेश सरकार | ३००००० | |
| १७ | अन्तरपुस्ता अन्तरक्रिया कार्यक्रम | म.बालबालिका | राजश्व बाँडफाँड प्रदेश सरकार | ७०००० | |
| १८ | अनुशिक्षण कार्यक्रम | म.बालबालिका | राजश्व बाँडफाँड प्रदेश सरकार | ३१५००० | |
| १९ | आदीवासी जनजाती लक्षित कार्यक्रम | आ. लक्षित | राजश्व बाँडफाँड प्रदेश सरकार | ८००००० | |
| २० | आपतकालिन राहत उद्धार सहयोग तथा पुनर्स्थापना कार्यक्रम | म.बालबालिका | राजश्व बाँडफाँड प्रदेश सरकार | १००००० | |
| २१ | एकल महिला विउपुँजी व्यवसायिक समूह विकास तालिम | म.बालबालिका | राजश्व बाँडफाँड प्रदेश सरकार | २४७००० | |
| २२ | जेष्ठ नागरिक तथा सरोकारवालाबीच अन्तरक्रिया | म.बालबालिका | राजश्व बाँडफाँड प्रदेश सरकार | ८०००० | |
| २३ | दलित लक्षित कार्यक्रम | दलित लक्षित | राजश्व बाँडफाँड प्रदेश सरकार | ३९४००० | |
| २४ | बालमैत्री नगर निर्माणको लागि बैठक तथा भेला | म.बालबालिका | राजश्व बाँडफाँड प्रदेश सरकार | ३४०००० | |
| २५ | मागमा आधारित कार्यक्रम | म.बालबालिका | राजश्व बाँडफाँड प्रदेश सरकार | ३००००० | |
| २६ | वडास्तरीय समूह समिति संस्थाहरुको अन्तरक्रिया कार्यक्रम | म.बालबालिका | राजश्व बाँडफाँड प्रदेश सरकार | ३९०००० | |
| २७ | व्यवसायिक समूह विकास तालिम | म.बालबालिका | राजश्व बाँडफाँड प्रदेश सरकार | २००००० | |
| २८ | विद्यालयस्तरीय अन्तरपुस्ता सीप हस्तान्तरण कार्यक्रम | म.बालबालिका | राजश्व बाँडफाँड प्रदेश सरकार | १६५००० | |
| २९ | समुह समिति गठन र व्यवस्थापन | म.बालबालिका | राजश्व बाँडफाँड प्रदेश सरकार | ९०००० | |
| | जम्मा | | | ८०३४००० | |

(ख) मेलम्ची नगरपालिका नगर कार्यपालिकाका सबै पदाधिकारी तथा सदस्यहरुले मासिक रुपमा सुविधाबापत पाउने रकमबाट एक/एक महिना बराबरको रकम मेलम्ची नगरपालिकाद्धारा स्थापना गरिएको कोरोना संक्रमण रोकथाम तथा नियन्त्रण कोषमा जम्मा गर्ने ।

(ग) देशव्यापी लकडाउनको अवधी लम्विदै जाँदा नियमित औषधी सेवन गर्न पर्ने बिरामीहरुको औषधी सकिन गई ज्यान नै जोखिममा पर्ने अवस्था देखिएको र व्यक्तिगत पहलबाट औपधी उपलव्ध गराउन अत्यन्तै असहज भएको हुँदा देहायको ६ छवटा रोग लागि नियमित औषधी सेवन गरी रहेका नगरवासीहरुको विवरण संकलन गरी सम्वन्धित वडाले वडामा रहेको स्वास्थ्य संस्थासँग सहकार्य गरी एक महिनाको लागि औषधी निशुल्क उपलव्ध गराउने र सोको बिल बमोजिमको रकम वडाअध्यक्षको सिफारिशमा कोरोना संक्रमण रोकथाम तथा नियन्त्रण कोषबाट खर्च लेख्ने ।

- चिनी रोग (Diabetic/Endocrine Disease)
- मुटु रोग (Cardiac/Pressure)
- क्यान्सर (Cancer)
- मृगौला रोग (Renal Disease)
- दम (Asthma)
- प्रेशस (Pressure)
- मानसिक रोग (Psychiatric Disease)

(घ) देशव्यापी लकडाउनको कारण उत्पन्न प्रतिकूल अवस्थाबाट प्रभावित व्यक्तिहरुलाई नगरपालिकाभित्र एक चरण राहत उपलव्ध गराइ सकिएकोमा लकडाउनको अवधी थप हुँदै जाँदा रोजगारी विहिन भई जीवन यापनमा कठिनाइ भएका व्यक्तिहरुको विवरण सम्वन्धित वडाबाट यथाशिघ्र संकलन गरी नगर कार्यपालिकाको आगामी बैठकमा पेश गर्ने ।

(ङ) देशव्यापी लकडाउनको कारण काठमाडौ उपत्यकामा अलपत्र परेका नगरवासीहरुलाई सम्वन्धित वडाले समन्वय गरी यातायातको साधनको व्यवस्था गरी ल्याउन पहल गर्ने र यसरी ल्याउन लाग्ने सवारी साधन भाडा खर्च सम्वन्धित वडाध्यक्षको सिफारिशमा कोरोना संक्रमण रोकथाम तथा नियन्त्रण कोषबाट भुक्तानी दिने ।

(च) कोरोना संक्रमणको पहिचान तथा रोकथाम कार्यमा अग्रपंतिमा काम गर्नु पर्ने चिकित्सक, प्रयोगशालामा काम गर्ने जनशक्ति, पारामेडिक्स तथा एम्बुलेन्स चालक लगायतका कर्मचारीहरुको स्वास्थ्य उपचार बिमा गरी दिने ।

(छ) लकडाउनको कारण बोलपत्र मार्फत औषधी खरिद कार्य अवरुद्ध भइरहेको हुँदा औषधी अभाव हुन नदिन मेलम्ची प्राथमिक स्वास्थ्य केन्द्र तथा अन्य स्वास्थ्य संस्थाहरुके माग बमोवजिम अत्यावश्यक औषधी तथा स्वास्थ्य सामाग्री आपूर्तिको व्यवस्था मिलाउन जनस्वास्थ्य शाखालाई निर्देशन दिने ।

**निर्णय नं २ :-**

नगर सभाबाट स्वीकृत देहायबमोजिमका योजनाहरु सम्वन्धित वडा समितिको निर्णय सिफारिश बमोजिम संशोधन गरी कार्यान्वय गर्न अनुमति दिने र अनुमोदनको लागि आगामी नगर सभामा पेश गर्ने ।

| वडा नं. | साविक | | संशोधित | | कैफियत |
|---|---|---|---|---|---|
| | योजनाको नाम | बजेट रु. | योजनाको नाम | बजेट | |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | भोटेचौर पर्यटन प्रवर्द्धन कार्यक्रम | २०००००।- | भाटेचौर साना सिंचाई योजना | २०००००।- | साना सिंचाई योजनामा रु. ५ लाख विनियोजन भएकोमा २ लाख थप गरी ७ लाख कायम। |
| ८ | वडा कार्यालय पक्की भवन निर्माण | १५०००००।- | दाउचेत-केउरानी मोटरबाटो ग्राभेल | १५०००००।- | |
| १३ | सिपाघाट पधेराचौर सडक | १००००००।- | ठाँटी पधेराचौर सडक स्तरोन्नती | २००००००।- | |
| | फट्केश्वर पधेराचौर सडक स्तरोन्नती | १००००००।- | | | |
| १३ | वडा कार्यालय पक्की भवन निर्माण | १५,००,०००।- | श्री मञ्चमुखी महादेव मन्दिर धर्मशाला निर्माण | १५,००,०००।- | |